# आकाशवाणी समाचार- नेपाली

मितिः ०८ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज मुम्बईमा प्रमुख विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा नवौं भारत मोबाइल कांग्रेसको उद्घाटन गर्नुहुनेछ।
- विश्व बैंकले वित्त वर्ष २०२६ मा भारतको आर्थिक वृद्धिदर ६.५ प्रतिशत हुने अनुमान व्यक्त गरेको छ।
- हिमाचल प्रदेशको बिलासपुर जिल्लामा हिज साँझ एउटा निजी बस पहिरोमा परी दुर्घटनाग्रस्त हुँदा 15 जना यात्रीहरुको मृत्यु भएको छ|
- राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले डिसेम्बर २०२५ मा हुने विश्वविद्यालय अनुदान आयोगको राष्ट्रिय योग्यता परीक्षा (UGC NET) को लागि दर्ता प्रक्रिया सुरु गरेको छ।
- ISSF विश्व च्याम्पियनसिप आजदेखि ग्रीसको एथेन्समा सुरु हुँदैछ।

**प्रधानमंत्री-मुंबई परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मुम्बईमा प्रमुख विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। भारतलाई वैश्विक विमानन केंद्रमा रूपान्तरण गर्ने आफ्नो दृष्टिकोण अनुरूप, प्रधानमन्त्रीले 19 हजार छ सय 50 करोड़ रुपियाँको लागतमा निर्मित भारतको सबैभन्दा ठूलो ग्रीनफिल्ड विमानस्थल, नयाँ नवी मुम्बई अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको उद्घाटन गर्नुहुनेछ। यो विश्वको सबैभन्दा कुशल विमानस्थलहरू मध्ये एक हुनेछ, जसले वार्षिक ९ करोड यात्री र ३.२५ मिलियन मेट्रिक टन कार्गो ह्यान्डल गर्नेछ।प्रधानमन्त्री मोदीले लगभग १२ हजार २०० करोडको लागतमा निर्मित मुम्बई मेट्रो लाइन ३ को चरण २B को उद्घाटन गर्नुहुनेछ। उहाँले ३७ हजार २७० करोडको लागतमा निर्मित सम्पूर्ण मुम्बई मेट्रो लाइन ३ राष्ट्रलाई समर्पित गर्नुहुनेछ। श्री मोदीले भारतको पहिलो एकीकृत सार्वजनिक यातायात एप, "मुम्बई वन" पनि सुरु गर्नुहुनेछ, जसले ११ यातायात अपरेटरहरूलाई जोड्दछ। यसले डिजिटल टिकटिङ र वास्तविक-समय यात्रा अपडेटहरू प्रदान गर्नेछ।श्री मोदीले भोलि मुम्बईमा ब्रिटेनका प्रधानमन्त्री कीर स्टारमरलाई स्वागत गर्नुहुनेछ। दुई नेताहरूले भिजन २०३५ का विभिन्न पक्षहरू लगायत भारत-ब्रिटेन व्यापक रणनीतिक साझेदारीका विभिन्न क्षेत्रहरूमा प्रगतिको समीक्षा गर्नुहुनेछ। उहाँले जियो वर्ल्ड सेन्टरमा एआई, नवप्रवर्तन र समावेशी वित्तमा केन्द्रित ग्लोबल फिनटेक फेस्ट २०२५ लाई पनि सम्बोधन गर्नुहुनेछ।

**प्रधानमंत्री - आईएमसी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा नवौं भारत मोबाइल कांग्रेसको उद्घाटन गर्नुहुनेछ। दूरसञ्चार विभाग र भारतीय सेलुलर अपरेटर संघद्वारा संयुक्त रूपमा आयोजना गरिएको, भारत मोबाइल कांग्रेसको विषयवस्तु " इनोवेट टू ट्रांसफॉर्म " रहेको छ। यो कार्यक्रमले डिजिटल रूपान्तरण र सामाजिक प्रगतिको लागि नवीनतालाई बढावा दिने भारतको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

**ब्रिटेन-प्रधानमंत्री भ्रमण**

ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमर आजदेखि भारतको दुई दिने भ्रमणमा आउनुहुनेछ। यो प्रधानमन्त्री स्टारमरको भारतको पहिलो आधिकारिक भ्रमण हो। विदेश मन्त्रालयले बताएअनुसार श्री स्टारमर र प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि मुम्बईमा भिजन २०३५ का विभिन्न पक्षहरू लगायत भारत-ब्रिटेन व्यापक रणनीतिक साझेदारीका विभिन्न क्षेत्रहरूमा प्रगतिको समीक्षा गर्नुहुनेछ। यो साझेदारी व्यापार, लगानी, प्रविधि, नवप्रवर्तन, रक्षा, सुरक्षा, जलवायु, ऊर्जा, स्वास्थ्य, शिक्षा, र जनता-जनता सम्बन्ध जस्ता प्रमुख स्तम्भहरूमा दश वर्षे ढाँचामा केन्द्रित छ। दुई नेताहरूले भविष्यको भारत-ब्रिटेन आर्थिक साझेदारीको प्रमुख स्तम्भ, भारत-बेलायत व्यापक आर्थिक तथा व्यापार सम्झौता अन्तर्गत अवसरहरू अन्वेषण गर्न व्यापार र उद्योग प्रतिनिधिहरूसँग पनि अन्तरक्रिया गर्ने सम्भावना छ। दुई नेताहरूले क्षेत्रीय र विश्वव्यापी महत्त्वका मुद्दाहरूमा पनि छलफल गर्नुहुनेछ|प्रधानमन्त्री मोदी र प्रधानमन्त्री स्टारमरले मुम्बईमा हुने छैटौं ग्लोबल फिनटेक फेस्टमा भाग लिनुहुनेछ र मुख्य वक्तब्य दिनुहुनेछ। दुई नेताहरूले उद्योग विशेषज्ञहरू, नीति निर्माताहरू र नवप्रवर्तकहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। यो भ्रमणले नयाँ साझेदारी निर्माणको लागि भारत र ब्रिटेन को साझा दृष्टिकोणलाई पुन: पुष्टि गर्ने अवसर प्रदान गर्नेछ।

**भारत-ब्राज़ील बैठक**

नयाँ दिल्लीमा भारत-ब्राजिल व्यापार निरीक्षण संयन्त्रको सातौँ बैठक हिजो सम्पन्न भयो। बैठकमा भारतका तर्फबाट वाणिज्य सचिव राजेश अग्रवाल र ब्राजिलका विदेश व्यापार सचिव तातियाना लासेर्डा प्राजेरेसको सहभागिता थियो । दुवै नेताहरूले द्विपक्षीय व्यापार र लगानी बढाउने, भारत र दक्षिण अमेरिकी देशहरूको क्षेत्रीय व्यापार संगठन मर्कोसुर पीटीएको विस्तार गर्ने, फार्मास्यूटिकल्स, रसायन, एम.एस.एम.ई र वित्त जस्ता क्षेत्रहरूमा सहयोग बढाउने तरिकाहरू बारे छलफल गर्नुभयो। बैठकको निष्कर्षको समीक्षा ब्राजिलका उपराष्ट्रपति र भारतका वाणिज्य एवम् उद्योग मन्त्रीले गर्नुहुनेछ। ब्राजिलका उपराष्ट्रपति अर्को हप्ता भारत भ्रमणमा आउँनु हुनेछ । यस वर्ष जुलाईमा प्रधान मन्त्री नरेन्द्र मोदीको ब्राजिलको राजकीय भ्रमण र ब्राजिलका राष्ट्रपति महामहिम श्री लुइज इनासियो लुला डा सिल्भा सितको भेटको क्रममा दुई नेताहरूले आगामी पाँच वर्षमा द्विपक्षीय व्यापारलाई 20 बिलियन अमेरिकी डलर पुर् याउने लक्ष्य राखेका थिए।

**विश्व बैंक**

विश्व बैंकले वित्त वर्ष २०२६ मा भारतको आर्थिक वृद्धिदर ६.५ प्रतिशत हुने अनुमान व्यक्त गरेको छ। यसअघि जुनमा विश्व बैंकले ६.३ प्रतिशतको वृद्धिदरको अनुमान गरेको थियो। यो वृद्धि बलियो घरेलु माग, बलियो ग्रामीण विकास र वस्तु तथा सेवा कर (जीएसटी) सुधारको सकारात्मक प्रभावका कारण भएको हो।दक्षिण एसियाको विकासको सन्दर्भमा, विश्व बैंकले बलियो उपभोग वृद्धिको बलमा भारत विश्वको सबैभन्दा द्रुत गतिमा बढ्दो प्रमुख अर्थतन्त्रको रुपमा रहनेछ।

विश्व बैंकले यस वर्ष दक्षिण एसियामा विकास दर ६.६ प्रतिशत रहने अनुमान गरेको छ, यद्यपि यो २०२६ मा ५.८ प्रतिशतमा झर्ने अनुमान पनि गरिएको छ, जुन अप्रिलको पूर्वानुमानभन्दा ०.६ प्रतिशत कम हो। विश्व बैंकले कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता उदीयमान प्रविधिहरूबाट अनिश्चित सामाजिक-राजनीतिक अशान्ति र श्रम बजार अवरोधले दक्षिण एसियामा मन्दीको जोखिम निम्त्याउने बताएको छ।

**राष्ट्रिय योग्यता परीक्षा (UGC NET)**

राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले डिसेम्बर २०२५ मा हुने विश्वविद्यालय अनुदान आयोगको राष्ट्रिय योग्यता परीक्षा (UGC NET) को लागि दर्ता प्रक्रिया सुरु गरेको छ। इच्छुक उम्मेदवारहरूले आधिकारिक वेबसाइटमा उपलब्ध लिङ्क मार्फत राष्ट्रिय योग्यता परीक्षाको लागि आवेदन गर्न सक्नेछन्। UGC को सूचना अनुसार, दर्ता प्रक्रिया ७ नोभेम्बर सम्म खुला रहनेछ। सुधार विन्डो १० नोभेम्बरमा खुल्नेछ र १२ नोभेम्बर मा बन्द हुनेछ। योग्य उम्मेदवारहरूलाई जुनियर रिसर्च फेलोशिप र सहायक प्राध्यापकको रूपमा नियुक्ति प्रदान गर्न र ८५ विषयहरूमा पीएचडी कार्यक्रमहरूको लागि भर्ती गर्न परीक्षा सञ्चालन गरिनेछ।

**किरेन रिजिजु मिरिक**

केन्द्रीय संसदीय मन्त्री किरेन रिजिजु अनि पश्चिम् बङ्गाल बिधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले हिज दार्जीलिङका लोकसभा सांसद राजु बिष्टसित पश्चिम बङ्गाल को मिरिक महकुमा पैह्रोग्रस्त क्षेत्रको स्थलगत भ्रमण गर्नुभयो। यस अवधि शोकसन्तप्त परिवारप्रति समबेदना व्यक्त गर्नुहुँदै यस्तो समयमा राजनीति र राजनैतिक आरोप- प्रत्यारोप  गर्न को साटो पीडितहरुलाई सहयोग गर्न एक भएर कार्य गर्नुपर्ने कुरामाथी जोड दिनुभयो। उहाँले भन्नुभयो - यस प्रकारको प्राकृतिक त्रासदीले प्रत्येकको मनलाई बिचलित बनाउदछ ।श्री रिजिजुले आफू प्रधानमन्त्री नरेन्द्र मोदीको शोक सन्देश लिएर आएको तथा बङ्गालको मिरिक - दार्जीलिङ अनि तराई डुवर्सको भल पैह्रो तथा बाढ प्रभावित क्षेत्रको भ्रमण पछि बिस्तृत जानकारी सरकार समक्ष राखिने जानकारी दिनुभयो।

( byte )

**हिमाचल प्रदेश दुर्घटना**

हिमाचल प्रदेशको बिलासपुर जिल्लाको झण्डुता उपविभागको बालुघाट क्षेत्रमा हिज साँझ एउटा निजी बस पहिरोमा परी दुर्घटनाग्रस्त भएको छ। जसमा अहिलेसम्म १५ जनाको मृत्यु भएको छ भने धैरै घाइते भएका छन्। बस जिल्लाको कोठाधार क्षेत्रको मारोटनबाट घुमरविन जाँदै थियो। प्रशासनद्वारा उद्धार तथा राहत कार्य जारी छ। बसमा लगभग ३० जना यात्रीहरु सवार थिए, जसमध्ये दुई जना बालिकालाई सकुशल उद्धार गरिएको छ। प्रशासनले बसमा फसेका यात्रुहरूलाई बचाउन उद्धार कार्य जारी राखेको छ।

**ISSF विश्व च्याम्पियनसिप**

ISSF विश्व च्याम्पियनसिप आजदेखि ग्रीसको एथेन्समा सुरु हुँदैछ। एसियाली ट्र्याप च्याम्पियन नीरू ढांडा र ओलम्पियन अनंतजीत सिंह नरूका, मैराज अहमद खान र रायजा ढिल्लों लगायत भारतको १२ सदस्यीय टोलीले भाग लिइरहेका छन्।

****** ० ******